# द्वन्द्व पीडितलाई अझै असहज

## राहत तथा क्षतिपूर्तिका लागि निर्धारित प्रक्रिया अझै झन्झटिला छन् ।

उद्घोष सम्वाददाता

विराटनगर/ द्वन्द्वपीडितहरूको अधिकार प्राप्तिका लागि सरोकारवालाहरूको भूमिका महत्वपूर्ण हुने सम्बद्ध व्यक्तिहरूले बताएका छन्। इन्सेक विराटनगरको आयोजना तथा अधिकार लोकतन्त्र तथा समावेशीकरण कोषको सहयोगमा बुधबार विराटनगरमा आयोजित अन्तरक्रिया कार्यक्रममा बोल्दै सहभागीहरूले द्वन्द्व पीडितहरूलाई न्याय दिलाउन राज्य पक्षको महत्वपूर्ण जिम्मेवारी रहेको बताएका हुन् ।

सो कार्यक्रममा द्वन्द्व पीडितहरूले राज्यले उपलब्ध गराउने सुविधा प्राप्त गर्न झन्झटिलो प्रक्रिया पूरा गर्नुपर्ने भएकाले आफूहरू अझै पीडित बनेको गुनासो पनि गरेका छन् । द्वन्द्वपीडितहरूलाई राज्यले क्षतिपूर्ति र राहत उपलब्ध गराउने निर्णय गरे पनि प्रक्रियागत झन्झटले आफूहरूले अनावश्यक दुःख व्यहोर्नुपरेको उनीहरूको गुनासो थियो।

वेपत्ता परिवार समाजका हरि आपागाईले द्वन्द्वपीडितहरूलाई सरकार तथा गैरसरकारी संघ-संस्थाहरूले केवल एउटा छलफलको विषय मात्र बनाएको र उनीहरूका समस्याबारे गम्भीर नभएको गुनासो गर्नुभयो । राहत तथा क्षतिपूर्तिका लागि सरकारले निर्धारण गरेका प्रक्रियागत प्रमाण पूरा गरेर प्रशासन तथा शान्ति समितिमा आवेदन दिए पनि विभिन्न बहानामा द्वन्द्वपीडितहरूलाई न्याय दिलाउने कार्यमा झन्झटिलो र अलमल्याउने काम भइरहेको बताउनुभयो ।

एकजना द्वन्द्वपीडितका अभिभावकले छात्रवृत्ति रकम प्प्तिका लागि हप्तौंसम्म जिल्ला शिक्षा कार्यालय धाउनुपर्ने र छात्रवृत्ति रकमभन्दा बढी त्यसको प्राप्तिमा खर्च गर्नुपर्ने बाध्यता भइरहेको द्वन्द्वपीडितहरूको भनाई छ । उनीहरूले सरकारले द्वन्द्वपीडितहरूका लागि उपलब्ध गराएको राहत तथा क्षतिपूर्ति प्राप्त गर्न सरल र सहज प्रक्रिया उपलब्ध गराउनुपर्नेमा जोड दिएका छन् ।

सो कार्यक्रममा क्षेत्रीय प्रशासक धरणिधर खतिवडाले द्वन्द्व पीडितहरूको राहतका लागि स्थानीय स्तरमा अनावश्यक रूपमा कसैले झन्झट र दुःख दिए त्यस्ता कर्मचारी र प्रशासकलाई कार्वाही गर्ने चेतावनी दिनुभयो । उहाँले भन्नुभयो 'कसैले अनावश्यक दुःख र झन्झट दिन्छ भने मलाई तत्काल जानकारी दिनुहोस् त्यस्ता कर्मचारी र प्रशासकलाई म कारवाही गरेर देखाउँछु ।' उहाँले नीतिगत कुराभन्दा व्यवहारिकतालाई जोड दिन जिल्लास्थित प्रमुख जिल्ला अधिकारी र शान्ति समितिका कर्मचारीहरूलाई सुझाव पनि दिनुभएको छ ।

यसैगरी सो कार्यक्रममा बोल्दै शान्ति समिति मोरङका संयोजक विनोद ढकाल र पूर्व संयोजक शिवकुमार मण्डलले द्वन्द्वपीडितहरूको अधिकार रक्षा र उनीहरूलाई राहत दिलाउने विषयमा राजनीतिक दलहरू सकारात्मक रहेको बताउनुभयो ।

सो कार्यक्रममा अधिवक्ता चुडामणि आचार्यले द्वन्द्वपीडितहरूको अधिकार र सरोकारवालाहरूको दायित्व विषयमा अवधारणा प्रस्तुत गर्नुभएको थियो । उहाँले द्वन्द्वका क्रममा १६ हजार ९ सय ५ जनाको मृत्यु भएको र १ हजार ४ सय १९ जना वेपत्ता भएको तथ्यांक प्रस्तुत गर्नुभएको थियो ।

त्यस्तै २२ हजार ४ सय ८० जना बेपत्ता भएको, ७ हजार १ सय ४० जना अपाङ्ग भएको, १ हजार ४ सय ९५ जना घाइते भएको बताउनुभएको थियो । कार्यक्रममा इन्सेक विराटनगरद्वारा द्वन्द्वपीडितका अधिकारका विषयमा सञ्चालित कार्यक्रमबारे सकुन्तला बरालले जानकारी दिनुभएको थियो । इन्सेकले मुलुकभरका १० जिल्ला र पूर्वाञ्चलका ४ जिल्लामा द्वन्द्वपीडितहरूलाई राहत तथा अधिकार दिलाउने विषयमा सहजकर्ताको भूमिका खेलिरहेको जानकारी दिएको छ ।

सस्तोमा
हिलटेक ग्यास
सबै भन्दा उत